परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष १२ ❑ अंक ३७ २०८१ वैशाख १६ गते आईतवार Sunday 28, APR 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## सिंघिया पुलमा गुणस्तरहीन सामग्री प्रयोग गरेको भन्दै स्थानीद्धारा खबरदारी

पदम कुमार सरदार

विराटनगर। पुष्पलाल चौक स्थित सिंघिया खोलामा निर्माण भई रहेको पक्की पुलमा गुणस्तरहीन सामग्री प्रयोग गरेको भन्दै स्थानीयहरुले खबरदारी गरेका छन्।

निर्माणाधिन पक्की पुलमा गुणस्तरीहीन सामग्री प्रयोग भएकै कारण पुल सञ्चालनमा नआईकल भत्कन थालेपछि स्थानीहरुले खबरदारी गरेको हो।

सम्बन्धित निकायले अनुगमन नगरेका कारण ठेकेदार कम्पनीले गणस्तरहीन सामग्री प्रयोग गरेको भन्दै स्थानीयहरुले खबरदारी गरेका थिए। विकास निर्माणमा कतिसम्म लापरबाही हुन्छ भन्ने एउटा गतिलो उदाहरण सिंघिया खोलामा निर्माणाधिन पुललाई लिन सकिन्छ।

ठेकेदार कम्पनीले आँखा छलेर रातारात गुणस्तरहीन सामग्री प्रयोग गरेको भन्दै स्थानीयले खबरदारी गरेपछि अहिले निर्माणाधिन पुल भत्काउन थालिएको छ।



स्थानीयहरुको खबरदारी पछि भौतिक पूर्वाधार विकास कार्यालय मोरङले तत्कालका लागि काम रोकेको छ। २०८१ बैशाख देखि सञ्चालनमा ल्याउने योजना रहेपनि अहिले पुल निर्माणको काम रोकेर भत्काउन थालिएको छ। निर्माणाधिन पुलको अनुगमन नगरेका कारण अहिलेको बनेको पुल भत्काउनु पर्ने स्थिति आएको स्थानीयको दावी छ।

कम्पनीले गरेको पहिलो चरणको काम राम्रो रहेको भएपनि दोस्रो चरणको काममा लापरवाही

बांकी अन्तिम पेजमा...

## विदेशीने प्रवृति, घटाउने प्रयास

विराटनगर। नेपाल उद्योग परिसंघ, युवा उद्यमी समिति कोशी प्रदेश विराटनगरले आज "नेपाली बजारमा युवा विकास र अवसरहरुको बारेमा छलफल गर्ने भएको छ।

नेपाली बजारमा नै युवा विकास र अवसरहरुको बृद्धि गरी विदेशी देशहरूमा अध्ययागमनको प्रवृत्तिलाई घटाउने एउटा प्रयास स्वरूप छलफल गर्न लागेको नेपाल उद्योग परिसंघ, युवा उद्यमी समिति कोशी प्रदेश कार्वाहक अध्यक्ष मुनन रिजालले वताए।

देशको भविष्य युवाको हातमा हुन्छ तर हामी नेपाली युवाहरु विदेश पलायन भइरहेकाले ब्रेन ड्रेन अवस्थाको सामना गरिरहेका छौं। यो समस्यालाई न्यूनीकरण गर्न हामी हामा युवाहरुलाई नेपालमा रहेका अवसरहरुबारे चेतना गराएर विकास गर्न चाहेको रिजालको भनाइ छ।

उक्त छलफल कार्यक्रम मार्फत आर्थिक क्षेत्र का बिविन्न व्यक्तित्वहरू सांग रोज़गारीको बारेमा छलफल हुने नेपाल परिसंघ कोशी प्रदेशका वरिष्ठ उपाध्यक्ष प्रकाश मुन्दडाले वताए।

वक्ताको रुपमा सन्तोष राठी - बैंकिङ क्षेत्र, गिरिजा सारडा औद्योगिक क्षेत्र, राजन श्रेष्ठ होटेल तथा पर्यटन क्षेत्र, रीता खतिवडा सरकारी निकाय (श्रम तथा रोज़गार क्षेत्र) डेनिस कार्की - चिकित्सा क्षेत्रको रहनेछ

रोजगारीको सीप र व्यवसाय हरुको आवश्यकताहरुमा अन्तर दृष्टि प्रदान गर्न शिक्षा प्रणालीले सैद्धान्तिक ज्ञान प्रदान गर्दछ तर वास्तविकतामा रोजगारीको लागि व्यावहारिकता को कमी छ, त्यसैले अन्तरदृष्टि फैलाउन सुरु गरि युवाहरुलाई क्यारियर निर्माणको लागि, वर्तमानमा आवश्यक पर्ने सीपहरू र अवसरहरु प्राप्त गर्न मद्दत पुग्नेछ।

उद्यमी तथा विराट नर्सिङ एण्ड विराट टिचिङ अस्पतालका

बांकी अन्तिम पेजमा...

## पिडितहरुको आवास निर्माण कार्य सुरु हुने

रंगेली। मोरङको रंगेली ३ स्थित बाबुसाहेब टोलमा चैत्र ३ गते भएको आगलागी पिडितहरुको आवास (घर) निमार्णाका लागि नगरपालिका ले १० दिन भित्र घर निर्माण कार्य सुरु गर्ने भएको छ।

नगरपालिकामा शुक्रबार बसेको विपत् व्यवस्थापन समितिको बैठकबाट घर निर्माणका लागि सम्पुर्ण प्रक्रिया पूरा भईसकेको र काम सुरु हुने समितिले जनाएको छ।

अग्नि पिडितहरुको निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ अनुसार अग्नि पिडितले क्षति पुगेका निजी आवास प्रबलीकरण/पुनर्निर्माण/पुनर्स्थापना गर्न नगरपालिकाले आफ्नो काम अगाडि बडाएको छ।

कार्यविधिको दफा ३ बमोजिम लाभग्राही पहिचान गर्ने र घर निर्माणको कार्यविधिको अनुसूचि १ बमोजिम विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण लगत संकलन गर्ने काम सम्पन्न भएको छ। उक्त स्थानमा २३ घर निर्माण कार्य गर्ने भनिएता पनि छानबिन गर्ने क्रममा एकजनाको पक्कि घर भेटिए पछि अब उक्त स्थानमा २२ जनाको घर निर्माण हुने भएको छ।

घर निर्माणकार्यका लागि संघीय सरकारबाट ३ लाख ५५ हजार, प्रदेशबाट ३० प्रतिशत र स्थानीय स्तरबाट १५ प्रतिशत रकम प्राप्त भएको छ। प्रति घर ६ लाख ४४ हजार रुपैयाँ बराबरको घर निर्माणकार्य हुने भएको छ। सो घरमा निर्माणका लागि हेमिडेन्स संस्था, लुथरन समाज लगायत अन्य संघ संस्थाको सहयोगमा दुई कोठा एउटा किचन र टुवेल सहित निर्माण कार्य हुने भएको छ।

एक्र घरहरु घर निजी जग्गामा निर्माणकार्य हुने भएको

बांकी अन्तिम पेजमा...


## कोशी अस्पतालद्धारा जनहितमा जारी सूचना

- कोशी अस्पताल परिसर भित्र जथाभावी फोहर नगरौं।
- कोशी अस्पताल आउने सेवा ग्राहीले अनिवार्य रुपमा मास्कको प्रयोग गरौं।
- अस्पताल परिसरमा जथाभावी पार्किङ्ग नगरौं।
- कोशी अस्पतालमा भर्ना भई उपचार गर्ने बिरामीसंग एक जना कुरुवा मात्र बसौं।
- अस्पतालमा पुर्जी काट्दा, डाक्टरसँग जाँच गराउँदा, जाँचको शुल्क बुझाउँदा, औषधी लिदा, औषधीको पूर्जामा बिमाको छाप लगाउँदा, लगायतको सेवा लिदा आफ्नो पालो पर्खौं।
- अस्पताल परिसर भित्र सुर्ती जन्य पदार्थ र धुम्रपान प्रयोग नगरौं।
- अस्पताल परिसर भित्र भिडभाड हुने हुँदा पाकेट मार र उपचारको नाममा ठगी गर्ने दलालहरुसंग बचौं।
- अस्पताल सबैको साझा सम्पत्ति भएकोले अस्पतालको सम्पत्तिलाई सबै मिलि संरक्षण गरौं।
- स्वास्थ्य बिमा गरेका स्वास्थ्य संस्थावाट रेफर सिफारिस अनिवार्य लिएर आउनु होला।
- अस्पताला परिसर भित्र आफ्नो समानको सुरक्षा आफै गरौं, समान हराएमा अस्पताल जिम्मेवार हुने छैन

कोशी अस्पताल विराटनगर, कोशी प्रदेश



## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

स्वास्थ्य र शान्तीका लागि वातावरण
नेपाल प्रधान कार्यालय परिवार
विराटनगर-१०



## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

राजेन्द्र कुमार थापा (अध्यक्ष)
सहमती बचत तथा ऋण सहकारी संस्था
लिमिटेड, विराटनगर-८ परिवार

## कतारी...

अर्थपूर्ण भएपनि नेपालको कमजोर तयारीकै ठोस् उपलब्धि हासिल हुन नसकेका वताए ।

'कतारका राष्ट्र प्रमुखको भ्रमणलाई नेपालको राष्ट्रिय हितमा कसरी सदुपयोग गर्न सक्छौं भन्नेमा धेरै कमजोरीहरू देखिए', उनले भने, 'विश्व अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याइरहेको मुलुकसँग विशुद्ध भ्रमण मात्रै गराएको भनेर हामीले फाइदा लिन सक्दैन ।'

सरकारी तयारी नभएका कारण लगानी, व्यापार र श्रम क्षेत्रमा गर्नुपर्ने धेरै काम हुन नसकेको उनको विश्लेषण छ ।

सत्तारुढ नेकपा एमाले अन्तर्राष्ट्रिय विभाग प्रमुख भट्टराई राजनीतिक अस्थिरता र कर्मचारीतन्त्रमा गम्भीरता को अभावले यस्तो अवसर सदुपयोग गर्न चुकेको स्वीकार गर्छन् ।

राजनीतिक अस्थिरता हुँदा कर्मचारीतन्त्रले काम गर्न नपर्ने जस्तै ठान्ने गरेको भन्दै उनले भने, 'हाम्रा कमीकमजोरीका कारण सम्भावित अवसरमा हामी चुक्दै आएका छौं । यसपटक पनि हामीले उपलब्धि हात पार्नका लागि जति तयारी गर्नुपर्थ्यो, त्यति पुगेन भन्ने लाग्छ ।' अमिर अल थानीको धन्यवाद

कतारी अमिर अल थानीले नेपाल भ्रमण सफल भएको भन्दै खुसी व्यक्त गरेका छन् । आफ्नो भ्रमणका क्रममा नेपाल, नेपाली नेता र जनताले गरेको आतिथ्यका लागि सामाजिक सञ्जाल एक्स मार्फत प्रशंसासहित धन्यवाद दिएका थिए ।

'यसले मलाई नेपालको प्राचीन इतिहासबारे केही सिक्ने अवसर मिल्यो' उनले लेखेका छन्, 'राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री पुष्पकमल दाहालसँग हाम्रो आर्थिक सम्बन्धलाई विकास गर्ने, द्विपक्षीय सहयोगलाई उच्चस्तरमा पुऱ्याउने र विभिन्न क्षेत्रमा साझेदारी लाई सुदृढ गर्नेबारे छलफल भएको थियो ।

## सिंघिया...

गरेको कारण पुल भत्काउन लगाएको पूर्वाधार विकास कार्यालय मोरङका प्रमुख सुशिल श्रेष्ठले वताए । श्रेष्ठले गुणस्तरहीन सामग्री प्रयोग गरेको हुँदा रकम भुक्तानी नदिने जानकारी जनाकारी गराए ।

उक्त पुल निर्माणको जिम्मा बानियाँ जेभीसंग ३३ करोड, ५७ लाख, ८७ हजार रुपैयाँमा सम्झौता गरिएको थियो । पुल निर्माणको काम ८० प्रतिशत भन्दा बढिसम्पन्न भईसकेको छ । तर ठेकेदारले मनमौजी रुपमा काम गरेकोले अहिले पुल निर्माणको कामममा रुकावट आएको छ ।

सो पुल विराटनगर महानगर पालिकालाई विराट नगर महानगरपालिका वडा नं. १९ लाई समेत जोडएको हुँदा र हजारौको संख्यामा मानिसहरु ओहोर दोहोर गर्ने भएकोले सम्झौता बमोजिम तत्काल पुल निर्माणको काम सुचारु गरी पुल निर्माण कार्य समयमै सम्पन्न गर्न स्थानीयको माग छ ।

## पिडितहरुको...

छ । घर निर्माणका लागि अग्नि पीडितका महिलाहरूलाई उपभोक्ता समिति समेत गठन गरेर प्रक्रिया अगाडि बढाइएको छ । दुई समूहमा बिभाजन गरेर उपभोक्ता समिति गठन समेत गरिएको नगरपालिकाले जनाएको छ ।

उक्त बस्तीको घर निर्माणका लागि नगरपालिकाले सञ्चालन गरेको क्युआर कोडबाट हाल सम्म ६ लाख १५ हजार हालसम्म जम्मा भएको छ । अन्य दाताहरुले समेत रकम पठाउने कार्य भइरहेको नगरपालिकाले जनाएको छ । विपद व्यवस्थापन समितिको बैठकमा रङ्गेली नगरपालिकाका मेयर दिलिप बलगडिया उपमेयर भूमा पराजुली, कार्यकारी अधिकृत ओमकार न्यौपाने, इलाका प्रहरी कार्यालयका रङ्गेलीका प्रहरी निरीक्षक बुद्धिराम चौलागाईं, सशस्त्र बेस केम्प रंगेलीका प्रहरी निरीक्षक राजु श्रेष्ठ, नेपाल विद्युत प्राधिकरणका प्रतिनिधि विभिन्न वडाका वडा अध्यक्ष लगायतको समेत उपस्थिति रहेको थियो ।

अग्नि पीडितलाई असाढ सम्म घरभित्रमा टिनको छानो भित्र राखिने र दशैंसम्ममा पुर्ण रुपमा घर हस्तान्तरण गर्ने समेत रङ्गेली नगरपालिका मेयर दिलिप बगडियाले बताए ।

## विदेशीने...

संस्थापक डा ज्ञानेन्द्र कार्कीले नेपाललाईनै आफ्नो गन्तव्यको रुपमा रोज्ने थलो बनाउन युवाहरूलाई प्रेरित पार्ने कि आकर्षक उपायहरू वताउने छ । वहाँबाट यूवाहरूलाई बिदेश पलायनको सोच र प्रब्रितिलाई तोड़ने महत्वपूर्ण रहने आयोजकले विश्वास लिएको छ ।


## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

| संजय ब. राजलवट | दमयन्ता देवी चुडाल | नागेश्वर प्रसाद सिंह |
|---|---|---|
| प्र. प्रशासकइय अधिकृत | नगर उप-प्रमुख | नगर प्रमुख |

रतुवामाई नगरपालिका, नगरपालिकाको कार्यालय कोशी प्रदेश मोरंग



नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना



- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।



| कमद देव यादव | नितु कुमारी चौधरी | जिबछ कुमार राय |
|---|---|---|
| प्र.प्रशासकिय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

बर्जु गाउँपालिका, गाउँपालिकाको कार्यालय, कोशी प्रदेश, सुनसरी, नेपाल



नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।



| रामराज पौडेल | कुमारी विभा यादव | बेचन प्रसाद मेहता |
|---|---|---|
| प्र.प्रशासकिय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

देवानगञ्ज गाउँपालिका, गाउँपालिकाको कार्यालय, कोशी प्रदेश, सुनसरी, नेपाल



परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### प्रदेशलाई अधिकार सम्पन्न बनाऔं

मुलुकमा रहेको संघिय लोकतान्त्रिक व्यवस्था अनुसार तीन तहका सरकार रहेका छन् । संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकार तर यी तीनवटै सरकार मध्ये प्रदेश सरकार र स्थानीय सरकार अधिकार विहीन रहेको छ । कुनैपनि काम कारवाही अगाडी वढाउँदा संघिय सरकारको मुख ताक्नु पर्ने वा संघिय सरकारको आदेश पर्खिनुपर्ने वाध्यता रहको छ । त्यस कारण खास गरी प्रदेश सरकारको औचित्य माथि प्रश्नहरु उठि रहेको छ । अहिले पनि अधिकांस काम संघवाटै संचालित छ । जनताको प्रत्यक्ष जीवनसंग सम्वन्धित अधिकार स्थानीय तहमा भएकोले प्रदेश सरकारको औचित्य नरहेको एकपक्षिय रुपमा जोडदार आवाज उठि रहको छ ।

खासगरी संघिय सरकार हलिएपछि त्यसको प्रभाव प्रदेश सरकारमा परेको छ । संघिय सरकारमा समिकरण फेरवदल हुन वित्तिकै प्रदेशमा सोही समिकरण लागु हुनुपर्ने बाध्यताले बढी अन्यौलता छाएको छ । जसकारण प्रदेश सरकार एकदमै अस्थिर भई रहेको छ । त्यसमा पनि राजनीतिक दलहरु भित्र पनि आफू मन्त्री, मुख्य मन्त्री बन्ने चक्करमा समिकरण फेर्ने, सत्तामा भएपछि मात्र आ-आफ्नो क्षेत्रको विकास गर्न सकिन्छ भन्ने मानसिकताले विचौलियाको इच्छा अनुसरा बजेट निर्माण गर्ने जस्ता विभिन्न कारणले प्रदेश सरकार कमजोर बनिरहेको छ ।

प्रदेश सरकारलाई अधिकार सम्पन्न बनाउन संघले अधिकार प्रत्यायोजन गर्न जरुरी छ । प्रदेश सरकार अधिकार सम्पन्न भएर जनता मुखी काम गर्न सकेका छैन । सानो-सानो कामको लागि पनि संघिय सरकारको मुख ताक्नु पर्ने, पार्टी भित्रको निर्णयहरु पनि संघवाटै हुने लगायतका कारणले नागरिकको प्रदेश संरचना प्रति तृष्णा बढ्न थालेको छ । नागरिकको हक अधिकारसंग जोडिएको काम प्रदेश सरकारले जनअपेक्ष अनुसार परिणाम दिने हो भने प्रदेश संरचना एक दम राम्रो हुने छ । संरचना आफैमा कुनै खराव हुँदैन संरचना चलाउने व्यक्ति खराव भएकोले यस्तो अवस्था आएको हो । त्यसैंले व्यक्ति सुधार हुन जरुरी छ ।

# न्यायमा पहुँच र न्यायालयको जनआस्थामाथि प्रश्नैप्रश्न

कृष्ण महरा

अमेरिकी कानुन वेत्ता एवं विश्वविख्यात दार्शनिक जोन रल्सले सन् १९७१ मा 'द थ्यौरी अफ जस्टिस' पुस्तक लेख्दै एउटा समाजमा विद्यमान हुने धेरै गुण बारे चर्चा गरेका छन् । सबैभन्दा पहिलो गुण न्यायले मात्रै हक, अधिकार र स्वतन्त्रता, शक्ति, अवसर, आयस्रोत र धन तथा आत्मसम्मानको उचित वितरण गर्न सक्छ भनेका छन् । त्यसैगरी सुप्रसिद्ध ग्रीक दार्शनिक प्लेटोले आफ्नो पुस्तक 'द रिपब्लिक'मा न्यायलाई आदर्श राज्यको आधारशिला मानेका छन् ।

न्याय र दर्शनशास्त्रमा कहलिएका यी दार्शनिकहरूले न्यायलाई आदर्श समाजको पहिलो गुण र आधारशिला मानिसकेपछि न्यायमा पहुँच आम जनताका लागि कति महत्वपूर्ण र अपरिहार्य विषय रहेछ भन्ने कुरा दोहोऱ्याइराख्नु परेन । यहाँ मानव जीवनमा न्यायको अपरिहार्यता र महत्वलाई हृदयंगम गर्दै न्यायमा पहुँच सम्बन्धी नेपालको वर्तमान अवस्थाबारे केही चर्चा गरौं ।

दूरदराजमा रहेका आम जनताको न्यायमा सहज पहुँच पुऱ्याउने उद्देश्यका साथ १० साउन २०७२ मा तत्कालीन प्रधानन्यायाधीश कल्याण श्रेष्ठको नेतृत्वमा ९ सदस्यीय न्यायमा पहुँच आयोग गठन भएको थियो ।

न्यायको पहुँचमा रहेका अवरोधक तत्वहरू पहिचान गरी सोको न्यूनीकरणका लागि आवश्यक उपायहरू अवलम्बन गर्ने/गराउने उक्त आयोगको प्रमुख जिम्मेवारी तोकिएको थियो । 'सबैलाई सरल र सहज रूपमा न्यायमा पहुँचको अवसर उपलब्ध गराउने अभिप्रायले सम्माननीय प्रधान न्यायाधीश ज्यूको अध्यक्षतामा न्यायमा पहुँच आयोगको गठन भएको छ' प्रतिवेदनको पृष्ठभूमिमा उल्लेख छ । (न्यायमा पहुँच आयोगको वार्षिक कार्य योजना २०७२-७३)

सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७९-८० अनुसार जिल्ला अदालतहरूमा दर्ता भएका मुद्दाहरूमा केवल ५५.६० प्रतिशत मात्रै फछ्र्योट भएका छन् । सर्वोच्च अदालत मातहतकै न्यायमा पहुँच आयोग गठन भई 'आर्थिक, सामाजिक, सांस्कृतिक रूपले पछाडि परेका लगायत सबै वर्ग र समुदायका व्यक्ति हरूको न्यायप्राप्तिको अधिकारलाई सुनिश्चित गर्न क्रियाशील रहेको' कुरा वार्षिक प्रतिवेदनमा उल्लेख हुनुले सम्मानित सर्वोच्च अदालत न्यायमा पहुँच अभिवृद्धिका लागि अहोरात्र प्रयासरत रहेको रूपमा बुझ्न सकिन्छ ।

केही हप्ताअघि विशेष अदालत काठमाडौंको निरीक्षणको क्रममा 'न्यायमा पहुँच अभिवृद्धि गर्न हामी सबै लाग्नुपर्छ' भन्ने सम्माननीय प्रधान न्यायाधीशको भनाइ पनि यसैको प्रतिविम्ब स्वरूप आएको हुनुपर्छ । सबै अदालतहरूमा अनलाइन तारिखको व्यवस्था, सूचना प्रविधिको प्रयोग गरी भिडियो कन्फेरेन्सिङ मार्फत साक्षी बकपत्र, श्रव्यदृश्य माध्यमबाट मुद्दाको सुनुवाइ, सरकारी साक्षीलाई दिइने खर्च, वैतनिक कानुन व्यवसायीको व्यवस्था न्यायमा पहुँच अभिवृद्धिकै लागि भएको कुरामा कुनै द्विविधा छैन ।

विशेष अदालतका अध्यक्ष न्यायाधीश टेक नारायण कुँवरको भनाइमा 'अनलाइन अदालतको आगमनले मागदाबीहरू अनलाइन दायर गर्न धेरै समय लाग्दैन, अब कागजको बन्डलको प्रयोग घटाउनुपर्छ र सानोभन्दा सानो सूचनाका लागि व्यक्तिले सारा काम छाडेर अदालत धाउनुपर्ने बाध्यता विगतको इतिहास हुनुपर्दछ । यसले विश्वस्तताका साथ न्याय प्रणालीलाई अहिलेको भन्दा बढी पहुँचयोग्य, प्रभावकारी, छिटो र किफायती बनाउँछ ।'

उल्लिखित तथ्यहरूले न्यायमा पहुँच अभिवृद्धिमा अथाह कार्य भइरहेको देखाइरहेको सन्दर्भमा न्यायपरिषद्ले २३ माघ २०८० मा गरेको निर्णयले भने न्यायमा आम जनताको पहुँचमा थोरै भए पनि कठिनाइ महसुस गर्नुपर्ने परिस्थिति निर्माण भएको देखिन्छ ।

उक्त दिन न्यायपरिषद्ले सुदूरपश्चिम प्रदेशस्थित डडेल्धुरा जिल्ला अदालतका न्यायाधीश दयाराम ढकाल लाई चितवन जिल्ला अदालत सरुवा गरिसकेपछि डडेल्धुरामा नयाँ न्यायाधीश पठाउनुपर्नेमा बैतडी जिल्लामा कार्यरत न्यायाधीश हर्कबहादुर क्षेत्रीलाई नै उक्त कामकाज समेत हेर्ने गरी जिम्मेवारी तोकियो । त्यसरी एउटै जिल्लाको न्यायाधीशलाई दुई-दुईवटा जिल्लाको जिम्मेवारी तोकेको दुई महिना बितिसक्दा पनि अर्को न्यायाधीश पठाइएको छैन ।

न्यायाधीशहरूको सरुवामा व्यवस्थापकीय पक्ष/प्रक्रिया मिलाउनुपर्ने कारण बैतडी जिल्ला अदालतका न्यायाधीश लाई डडेल्धुरा जिल्ला अदालतको समेत कामकाज गर्ने गरी जिम्मेवारी तोकिएको र केही दिनमै डडेल्धुरा जिल्लामा न्यायाधीश पठाइने अपेक्षा गरिएकोमा न्यायाधीश रिक्त भएको यत्तिका समय सम्म पनि नपठाइँदा दुई जिल्लामा नै छिटो, छरितो र सर्वसुलभ न्यायमा पहुँचमा अवरोध सिर्जना भएको छ । हाल बैतडी जिल्लाका न्यायाधीशले एक महिनामा १५ दिन बैतडीमा र अर्को १५ दिन डडेल्धुराको न्यायाधीश भई कामकाज गरिरहनुभएको अवस्था छ ।

भौगोलिक रूपमा डडेल्धुरा र बैतडीका कतिपय गाउँहरू अत्यन्तै विकट छन् । ती विकट क्षेत्रका जनताले न्याय माग्न सदरमुकाम आउँदा अझ विशेषगरी थुनामा रहेकाहरूको पेशी न्यायाधीश अभावका कारण ढिला भएपछि ती थुनुवा र अन्य न्यायका सेवाग्राहीहरू मार्फत आम जनताको मनमस्तिष्कमा हाम्रो न्यायालयप्रतिको जनविश्वास र भरोसा कस्तो रहला ?

जिल्ला प्रहरी कार्यालय बैतडीका अनुसार पछिल्लो दुई महिनामा ८ जना पुरुष र १ जना महिला गरी ९ जना थुनुवाहरू पक्राउ परेका त्यसैगरी जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा १३ जना पुरुष १ जना महिला गरी १४ जना थुनुवाहरू पक्राउ परी मुद्दाको पुर्पक्ष भएको रेकर्ड छ ।

चैत २५ गते बैतडी जिल्ला अदालतमा सुनुवाइका लागि साप्ताहिक पेशीमा चढेका सवारी ज्यान, ज्यान मार्ने उद्योग, अंश सम्बन्धविच्छेदका मुद्दाहरू न्यायाधीश नभएकै कारण स्थगित हुन पुगेका छन् । अझ गम्भीर कुरा, चैत २६ गते ऐ. अदालतमा सुनुवाइका लागि साप्ताहिक पेशी चढेका थुनुवाका दुईवटा मुद्दाहरू ( जबरजस्ती करणी र कर्तव्य

वांकी ५ पेजमा...

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्कतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# कामधेनुका उत्पादन उपत्यकाको बजारमा, विदेश निर्यातका लागि सम्झौता

विराटनगर । सुनसरीको इटहरीमा रहेको कामधेनु दुग्ध विकास सहकारी संस्थाले काठमाडौँ उपत्यकासहितका बजारमा आक्रामक रुपमा बिक्रि बितरण सुरु गरेको छ ।


संस्थाको मुख्य कार्यालय भवन

संस्थामार्फत उत्पादन हुँदै आएको नौनी घ्यू, चिज, छुर्पी, टेबल बटर, पनिर,खुवा लगायत स्वादिलो मिठाइका परिकारहरू उपत्यकाका सहरहरूमा बजारीकरण सुरु गरेको हो । झन्डै २४ वर्षअघि स्थापना भएको कामधेनुले पूर्वी नेपालका बजारहरूमा सहज पहुँच विस्तार गरेपछि उपत्यका केन्द्रित व्यापार थालेको अध्यक्ष यादप ढकालले बताए ।

अध्यक्ष ढकालका अनुसार बजारीकरणको पहिलो चरणमा काठमाडौँको चाहवहिलमा शीत भण्डार स्थापना गरिएको छ । पाँच टन क्षमता रहेको भण्डारमा दुग्धजन्य सामाग्रीहरु स्टोर गरी काठमाडौँ, भक्तपुर,ललितपुर सहित काभ्रेपलान्चोकका बजारमा विक्री वितरण गर्दै आएको संस्थाका बजार प्रमुख नवराज नेपालले जानकारी दिए ।

कामधेनुले यस आर्थिक वर्ष भित्रमै उपत्यकाका २० मुख्य बजारहरूमा विक्री केन्द्र खोल्न लागेको बजार प्रमुख नेपालले बताए । उपत्यकामा समेत खुल्ला दुग्ध पदार्थहरू जथाभावी बेचबिखन हुने पाइएकाले सरकारले अनुगमन गरी त्यस्ता कार्य निरुत्साहित गर्नुपर्ने उनको भनाइ छ ।

उपभोक्ताले गुणस्तरीय दुग्ध पदार्थहरूको माग अत्यधिक मात्रामा गरिरहेको अवस्थामा उपत्यकामा आइसकेपछि थप हौसला मिलेको दाबी गरे । इटहरी उपमहानगर पालिका २० स्थित तरहरा प्रधान कार्यालय रहेको कामधेनुमा प्रत्यक्ष रूपमा पूर्वका सुनसरी, मोरङ, झापा, धनकुटा र तेह्रथुम लगायत जिल्लाका एघार हजार कृषकहरू आबद्ध रहेका छन् ।

विदेशका निर्यातका लागि छुर्पीको सम्झौता

कामधेनुले आफ्ना उत्पादनहरूलाई विदेशसम्म पुऱ्याउने तयारी सुरु गरिसकेको छ । बजारीकरण कै क्रममा सहकारी संस्थाले अमेरिका, क्यानडा, जापान लगायतका देशहरूमा दुग्धजन्य पदार्थहरू निर्यात गर्दै आएको ललितपुरको लेकाली नेपाल प्रा।लीसँग कम्तीमा वार्षिक ५० हजार केजी छुर्पी विक्री गर्ने गरी सम्झौता गरेको छ ।

लेकाली नेपाल प्रा।लीका म्यानेजर अङ्कित मुन्द्राले संस्थासँग वार्षिक ५० हजार केजी छुर्पी खरिद गर्ने गरी सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् । संस्थाका तर्फबाट अध्यक्ष ढकालले उक्त सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् । प्रतिकेजी १ हजार ३ सयदेखि १ हजार ४ सयसम्म खुद्रा मूल्यमा विक्री हुँदै आएको छुर्पी विदेश निर्यात गर्ने गरी सम्झौता हुँदा समग्र कृषकहरूलाई पनि फाइदा पुग्ने संस्थाका अध्यक्ष ढकालले बताए ।

पछिल्लो समय सरकारको दुग्ध विकास संस्थानले समेत कृषकहरूले उत्पादन गरेर विक्री गरेको दुग्धजन्य पदार्थहरूको उचित मूल्य नै नपाइरहेको समयमा पूर्वी नेपालमा उत्पादन भएका सामाग्रीहरू उपत्यका पुरयाएर विक्री वितरण गर्न निकै चुनौतीपूर्ण मानिन्छ । तर पनि कामधेनुले आफ्ना उत्पादनहरूलाई नेपालका ठुला सहरहरूमा समेत पुऱ्याउनका लागि बजारी करण गर्नु महत्त्वपूर्ण भएको धनकुटाका कृषक भरत गुरुङले बताए ।

पछिल्लो समय कृषकले उत्पादन गरेका दुग्धजन्य पदार्थहरू बिक्री नभएर मिल्क होलिडे भइरहेको समयमा कोशी प्रदेशमा राम्रो हिस्सा ओगटेको कामधेनुले पूर्वमा उत्पादन भएका पदार्थहरू बिक्री गर्दा यहाँ देखिएको समस्याहरू समेत निराकरण हुने कृषक गुरुङको दाबी छ ।

यो धुम्रपानको आदत सजिलो तरीकाले कहाँ छुट छ,
पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट हामीलाई फुकि हाल्छ ।

## सहकारी चोरीमा, मोटर साईकल सहित ६ जना पक्राउ

विराटनगर । झापा जिल्लाको बिभिन्न स्थानमा रहेको सहकारी संस्थामा चोरी गरेको आरोपमा दुई मोटर साईकल सहित ६ जनालाई प्रहरीले पक्राउ गरेका छन् ।

संलग्न रहेका ६ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा जिल्ला मकवानपुर ईन्द्रसरोबर गाउँपालिका-५ का ३० बर्षिय सोमलाल स्याङ्तान, २१ बर्षीय सुनिल भन्ने सन्त बहादुर स्याङ्तान, २२ बर्षीय सुनिल स्याङ्तान, २५ बर्षीय बुद्ध स्याङ्तान, २६ बर्षीय सुजन स्याङ्तान र मकवानपुर गढी गाउँपालिका-८ का २८ बर्षीय अजय राना मगर रहेका छन् । पक्राउ परेका उनिहरुले बिभिन्न मिति र समयमा १३ वटा सहकारीहरु योजनाबद्ध तरिकाले चोरी गरेको खुल्न आएको छ ।

सहकारी चोरी भएको घटनाको जानकारी जिल्ला प्रहरी कार्यालय झापामा प्राप्त हुनासाथ अनुसन्धान तथा खोज तलासमा खटिएको प्रहरी टोलीले कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको समन्वय र जिल्ला प्रहरी कार्यालय सुनसरीको सहकार्य मा संलग्न ६ जनालाई ईटहरीको बिभिन्न स्थानमा लुकि छिपि बसेको अवस्थमा बैशाख ७ गते पक्राउ गरेको थियो ।

प्रहरीले उनिहरुको साथबाट मोटरसाईकल २ थान, सहकारी चोरीमा प्रयोग गरेको बिभिन्न औजारहरु र उनिहरुले उक्त समयमा प्रयोग गरेको कपडा समेत बरादम गरेको छ ।

उनिहरुले बिभिन्न सहकारीहरुबाट ३० लाख १६ हजार ६ सय ८७ रुपैया चोरी गरेको खुल्न आएको छ भने पक्राउ परेका ६ जनालाई सम्मानित जिल्ला अदालत झापाबाट चोरी कसुरमा म्याद थप गरी अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## फरार प्रतिवादी सत्रवर्षपछि..

विराटनगर । कर्तब्य ज्यान मुद्धामा फरार रहेको आरोपमा जिल्ला प्रहरी कार्यालय भोजपुरले १ जनालाई घटना भएको १७ बर्ष पछी पक्राउ गरी अनुसन्धान शुरु गरेको छ ।

२०६३ साल कार्तिक १४ गते साविक भैसिपंखा गाबिस र हाल भोजपुर नगरपालिका-१० का ४४ बर्षीय निमा दावा शेर्पा छिमेकी चन्द्र बहादुर तामाङको घरमा झुण्डिएको अवस्थामा मृत फेला परेको घटनाका आरोपित ६० बर्षीय तामाङलाई खोजतलास गर्ने क्रममा घटना भएको १७ बर्ष पछी २०८१ साल बैशाख ११ गते सुनसरीको धरानबाट प्रहरीले पक्राउ गरेको हो ।

उक्त घटनाका अर्का आरोपित स्थानीय बाल कुमार तामाङ हाल फरार रहेकोमा खोजतलास भईरहेको तथा घटना सम्बन्धमा अन्य थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ ।

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

ओमकार प्रसाद न्यौपाने, प्र. प्रशासकइय अधिकृत
भूमा पराजुली, नगर उप-प्रमुख
दिलीप कुमार अग्रवाल, नगर प्रमुख

रंगेली नगरपालिका, नगरपालिकाको कार्यालय कोशी प्रदेश, मोरंग

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

रूद्र प्रसाद दुलाल, प्र. प्रशासकइय अधिकृत
मिरादेवी दास केवरत, नगर उप-प्रमुख
श्याम प्रसाद राजवंशी, नगर प्रमुख

सुनवर्सी नगरपालिका, नगरपालिकाको कार्यालय कोशी प्रदेश मोरंग

# कतारी अमिरसँग आठवटा समझौता

विराटनगर । कतारका अमिर शेख तमिम विन हमाद अल थानीसंग नेपाल सरकारले सरकारी तहको ६ वटा र नीजी क्षेत्रको २ बटा समझौता गरी नेपालको दुई दिने राजकीय भ्रमण पूरा गरी बुधबार स्वदेश फर्किएका छन् ।

एसियाली मुलुकहरूको भ्रमणमा निस्किएका अल थानी फिलिपिन्स, बंगलादेश हुँदै मंगलबार दिउँसो काठमाडौं आएका थिए । भ्रमणको दोस्रो दिन बुधबार दिउँसो पौने २ बजेतिर आफ्नो निजी विमानमार्फत उनी कतार फर्किएका हुन् ।

दुई देशको संस्कृति र कलाको क्षेत्रमा सहकार्य गर्न नेपालको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र कतारको संस्कृति मन्त्रालयबीच समझदारी र समझौता भएको थियो ।

समझौताहरु

- समाचार आदानप्रदानमा सहकार्य गर्न राष्ट्रिय समाचार समिति (रासस) र कतार समाचार एजेन्सी (क्यूएनए)बीच सम्झौता ।
- दुई देशबीचको शिक्षा क्षेत्र, उच्च शिक्षा र वैज्ञानिक अनुसन्धानका लागि नेपाल सरकार र कतारबीच समझदारी ।
- युवा तथा खेलकुदको क्षेत्रमा सहकार्य गर्न नेपाल र कतारबीच समझदारी ।
- नेपालको महान्यायाधिवक्ता कार्यालय र कतारको सार्वजनिक अभियोजन कार्यालयबीच सहयोग तथा सहकार्यको समझदारी ।
- कूटनीतिक प्रशिक्षणका लागि नेपालको परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान (आईएफए) र कतारको परराष्ट्र मन्त्रालय अन्तर्गको कूटनीतिक प्रशिक्षण केन्द्रबीच समझदारी ।
- दुई देशका निजी क्षेत्र, नेपाल उद्योग वाणिज्य महासंघ र कतार चेम्बरबीच नेपाल-कतार संयुक्त व्यापार परिषद् स्थापना गर्ने सम्बन्धी समझदारी र सम्झौता ।

एसियाली मुलुकहरूको भ्रमणमा निस्किएका अल थानी फिलिपिन्स, बंगलादेश हुँदै मंगलबार काठमाडौं आएका थिए । भ्रमणको दोस्रो दिन बुधबार आफ्नो निजी विमानमार्फत उनी कतार फर्किएका थियो ।

नेपाल बसाइका क्रममा उनले राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग भेटवार्ता गरेको थियो । बुधबार होटल सोल्टीमा भएको भेटपछि कतारी अमिर अल थानी र प्रधानमन्त्री प्रचण्डको उपस्थितिमा ८ वटा सम्झौता र समझदारी भएको थियो ।

नेपालको प्रमुख श्रम गन्तव्य, अनि विश्वभर आक्रामक लगानी गरिरहेको कतारका अमिर अल थानीको भ्रमणका लागि दुई देशले लामो समयदेखि गृहकार्य गरेका थिए । उनी मंसिरमै नेपाल आउने तयारीमा थिए । ७ अक्टोबरमा मध्यपूर्वमा इजरायल र हमासबीच युद्ध सुरु भएपछि अमिर अल थानीको भ्रमण रोकियो । त्यसबेला कतारका विदेश राज्यमन्त्री सुल्तान बिन साद अल-मुराइखी नेपाल आएका थिए ।

त्यसको ५ महिनापछि कतारी अमिर अल थानी नेपाल आए, तर भ्रमणबाट नेपालले अपेक्षाकृत लाभ उठाउन सकेका छैन । कतिसम्म भने नेपालले लामो समयदेखि उठाउँदै आएको श्रम सम्झौता पुनराव लोकनमा पनि सहमति हुन सकेको छैन ।

दक्षिण एसियाली मुलु रूको श्रम गन्तव्य बनेको कतारले नेपालसँग सबभन्दा पहिले श्रम सम्झौता गरेको थियो । तत्कालीन परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेका अनुसार त्यतिबेला भारत, बंगलादेश र पाकिस्तानले पनि श्रम सम्झौताका लागि अनुरोध गरेको थियो, तर कतारले नेपालको प्रस्तावलाई मात्रै स्वीकार गरेको थियो ।

२१ मार्च २००५ मा नेपाली जनशक्ति रोजगारी सम्बन्धी द्विपक्षीय सम्झौता भएको थियो भने त्यसको अतिरिक्त प्रोटोकलमा २००८ जनवरी २० मा हस्ताक्षर भयो । त्यसयता हजारौं नेपाली वैदेशिक रोजगारीका लागि कतार पुगेका छन् ।

अहिले पनि कतारमा चार लाखभन्दा बढी नेपाली श्रमिकका रुपमा कार्यरत छन् । उनीहरुको स्वास्थ, सुरक्षा, बीमा र ज्याला लगायतका विषय सम्बोधन गर्ने गरी नेपालले श्रम सम्झौता पुनरावलोकनको प्रस्ताव गर्दै आएको छ । तर कतारी अमिर अल थानी नेपाल आएकै बेला समेत यसले अन्तिम रुप पाउन सकेन ।

अहिलेको समयमा कतार विश्वको सबभन्दा ठूलो लगानीकर्ता मुलुकमध्ये एउटा हो । अर्को साता नै नेपालले लगानी सम्मेलन गर्दैछ । तर त्यसको मुखैमा अमिर अल थानी नेपाल आएको बेला कतारबाट कुनै घोषणा हुन सकेन ।

यसअर्थमा कतारी अमिर अल थाली भ्रमणमा आउनु नै नेपालका लागि उपलब्धि बनेको छ । नेकपा एमाले अन्तर्राष्ट्रिय विभागका प्रमुख राजन भट्टराईका अनुसार यस्तो भ्रमणले दुई देशको सम्बन्ध सुधार त हुन्छ नै अन्तर्राष्ट्रिय समुदायमा नेपालको छवि सुधार्ने महत्वपूर्ण अवसर हुन्छ ।

'हाम्रो सत्ता राजनीति अस्थीर छ । सत्ता राजनीति नै अस्थीर भएपछि अन्तर्राष्ट्रिय समुदायले हेर्ने नजर पनि त्यस्तै हुन्छ', उनले भने, 'यतिबेला हाम्रो असल मित्र कतारबाट राष्ट्र प्रमुख अल थानीले गर्नुभएको भ्रमण सफल भएको छ । यो हाम्रा लागि खुसीको कुरा हो ।'

नेपाल र कतारबीच सन् १९७७ मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । यो ४७ वर्षमा नेपालबाट भने तत्कालीन राजा, प्रधानमन्त्री, राष्ट्रपतिको तहमा पटक-पटक भ्रमण भए । कतारबाट उच्चस्तरीय भ्रमण पहिलोपटक भएको हो ।

पूर्वराजदूत विजयकान्त कर्ण पनि एसिया क्षेत्रको उदाउँदो शक्ति राष्ट्रका प्रमुखको भ्रमण हुनु नेपालका लागि आफैंमा उपलब्धिमूलक रहेको बताए

कतारसँग नेपालको सम्बन्ध र पछिल्लो समय विश्व राजनीतिमा कतारले बढाउँदै लगेको प्रभावका कारण पनि अल थानीको भ्रमण विशेष महत्वको रहेको उनको भनाइ छ । पूर्वराजदूत कर्णले भने, 'यो भ्रमणले तत्काल के फाइदा भयो भन्ने छाड्ने हो भने अन्तर्राष्ट्रिय समुदायमा हाम्रो छवि सुधार्नका लागि उपलब्धिमूलक हुने देखिन्छ ।'

मध्यपूर्वमा क्षेत्रफल र जनसंख्याका हिसाबले सानो मुलुक भएपनि आर्थिक र रणनीतिक हिसाबले विश्व मञ्चमा कतार प्रभावशाली ढंगले उदाइरहेको छ ।

पेट्रोलियम पदार्थ उत्पादक कतार भूराजनीतिक वृत्तमा पनि असाध्यै ठूलो रणनीतिक शक्ति मानिन्छ । पछिल्लो समय मध्यपूर्वमा देखिएको तनावमा कतार नै त्यस्तो मुलुक हो, जसले मध्यस्थताको भूमिका समेत खेलिरहेको छ ।

त्यही कतारको अमिर अल थानीको भ्रमणबाट जति लाभ लिन सक्थ्यो, त्यसमा भने नेपालले चुकेको छ । पूर्वराजदूत कर्ण भ्रमण आफैंमा

वांकी अन्तिम पेजमा...

# ७५ कुकुरको बन्ध्याकरण



धनकुटा । धनकुटा बजार क्षेत्रका सामुदायिक कुकुरहरूको बन्ध्याकरण गरिएको छ। धनकुटा बजारसहित आसपास क्षेत्रका ७५ वटा सामुदायिक कुकुरको बन्ध्याकरण गरिएको हो ।

भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्रको सहयोग लिएर धनकुटा नगरपालिकाले कुकुरको बन्ध्याकरण गराएको हो । छाडा छोडिएका कुकुरहरूले मान्छेलाई समस्या पार्ने गरेको गुनासो आउँने गरेकाले कुकुरको संख्या बढ्न रोकथामका लागि बन्ध्याकरण गरिएको धनकुटा नगरपालिकाका प्रमुख चिन्तन तामाङले जानकारी दिए ।

'बजार क्षेत्रमा छाडा छोडिएका कुकुरहरू धेरै छन्, कुकुरको संख्या बढिरहेको छ । त्यस्ता कुकुरले मान्छेलाई समस्या बनाइरहेको गुनासो आउँने गर्छ,' नगर प्रमुख तामाङले भने, 'पशुअधिकारका कारण कुकुर मार्न पनि नमिल्ने भएकाले कुकुरको संख्या बढ्न रोकथामका लागि बन्ध्याकरण गर्ने व्यवस्था मिलाएका हौं ।'

रातको समयमा पैदल यात्री र मोटरसाइकलमा यात्रा गर्नेलाई कुकुरले लखेटेर समस्या पार्ने गरेको गुनासो आउँने गरेको छ । बेलाबेला भुस्याहा कुकुरले मान्छेलाई टोकेर आतंक मच्चाउने गरेको छ ।

यस्तो समस्या र ोकथामका लागि पाँच दिन लगाएर कुकुरको बन्ध्याकरण गरिएको धनकुटा नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत दशरथ राईले बताए । उनका अनुसार बन्ध्याकरणसँगै कुकुरहरूलाई रेबिज रोग विरुद्धको खोप लगाएर छोडिएको छ ।


कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर



नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यत्तिगत घटना दर्ता गराऔं ।

डिल्लीराज निरौला, प्र. प्रशासकइय अधिकृत
विनिता कुमारी मेहता, नगर उप-प्रमुख
केदार भण्डारी, नगर प्रमुख

इनरुवा नगरपालिका, नगरपालिकाको कार्यालय कोशी प्रदेश, सुनसरी, नेपाल



नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यत्तिगत घटना दर्ता गराऔं ।

हिमालय बराल, प्र. प्रशासकइय अधिकृत
मेनुका पोखरेल खतिवडा, नगर उप-प्रमुख
वेद नारायण गच्छदार, नगर प्रमुख

दुहवी नगरपालिका, नगरपालिकाको कार्यालय कोशी प्रदेश, सुनसरी, नेपाल

## न्यायमा...

ज्यान) सहित तीन थान मुद्दा न्यायाधीश अभावकै कारण स्थगितमा पर्नु गम्भीर र सोचनीय विषय हो ।

यसरी हेर्दा एक महिनामा पन्ध्र दिनका दरले एक वर्षमा ६ महिना बैतडी र डडेल्धुरा जिल्ला अदालतका मुद्दाहरू स्थगित हुनेछन् । यो भनेको डडेल्धुरा र बैतडीका जनताले वर्षदिनमा ६ महिना न्यायको पहुँचभन्दा बाहिरै बस्नुपर्ने हुन्छ । जिल्ला प्रहरी कार्यालय बैतडीले उपलब्ध गराएको तथ्यांकलाई विश्लेषण गर्ने हो भने महिनामा ५ जनाका दरले वर्ष दिनमा ६० जना पक्राउ पर्ने र डडेल्धुरामा ८४ जना पक्राउ पर्ने देखिन्छ । यसरी पक्राउ परेका व्यक्तिहरूको न्यायिक परीक्षणमा ढिलाइ हुनु गम्भीर मानवअधिकारको हनन् हो ।

नेपालको संविधानको धारा २०, (३) ले पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय र स्थानबाट बाटोको म्यादबाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने र त्यस्तो अधिकारी बाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा नराखिने व्यवस्था गरेको छ ।

तत्तत् जिल्लाहरूमा न्यायाधीश नभएको दिनमा पक्राउ परेका थुनुवाहरूको म्याद थपको आदेश र चौबीस दिन पूरा भएका थुनुवाहरूको थुनछेक आदेश स्रेस्तेदार ( प्रशासकीय प्रमुख) ले गर्दा संविधानले प्रदान गरेको माथि उल्लिखित संविधानको धारा २० ले प्रदान गरेको न्याय सम्बन्धी मौलिक हकको हनन् भयो वा भएन ?

केही वर्ष अगाडि न्यायाधीश को अभावमा स्रेस्तेदारले थुनछेकको आदेश गरी थुनामा पठाइएका व्यक्ति पछि थुनामुक्त हुँदा पनि समाजले जेल काटेर आएको बिल्ला भिराइदिएपछि समाजमा बस्नै नसक्ने अवस्थामा पुगेका थिए र पछि डिप्रेसनको शिकार भई पारिवारिक र सामाजिक जीवन नै सखाप भएको थियो ।

हेर्दा सामान्य लाग्ने तर आम जनताको जीवनमा महत्वपूर्ण भूमिका खेल्ने यस्ता कुराहरूमा सबै सरोकारवालाहरूको ध्यान जान छोडेको त होइन भन्ने आभास हामी जस्ता दूरदराजका जनताले गर्न थालेका छन् ।

न्यायको अभावमा मान्छे असल जीवन जिउन नसक्ने परिकल्पना आजभन्दा वर्षौं अगाडि प्लेटो र जोन रल्सकै बेला गरिएको थियो । तर हाम्रो अपेक्षा आज पनि उस्तै छ ।

न्यायपरिषद्‌द्वारा प्रकाशित पछिल्लो प्रतिवेदन अनुसार जिल्ला न्यायाधीशको दरबन्दी २५७ जना रहेको छ जसमध्ये डडेल्धुरा र बैतडी जिल्लामा एक-एक गरी दुई जना न्यायाधीशको दरबन्दी रहेको छ । दरबन्दी हुँदाहुँदै न्यायाधीश नखटाइनु आम जनताप्रति सम्बद्ध निकायहरू को बेवास्ता त हो नै शीघ्र न्याय पाउने मौलिक हक हनन् समेत हो ।

न्यायपरिषद् ऐन २०७३ को दफा २७ को उपदफा ५ मा प्रधानन्यायाधीशले एक जिल्ला अदालतको न्यायाधीश लाई निश्चित अवधिको लागि अर्को जिल्ला अदालतको न्यायाधीश मा काजको रूपमा खटाउन सक्ने व्यवस्था रहेको पाइन्छ । तर एक जना न्यायाधीशलाई दुईवटा जिल्ला अदालतको जिम्मेवारी दिंदा एक जिल्ला को इजलास नै बन्द गरी अर्कोमा जानुपर्छ । आम नागरिकको मौलिक हक समेतमा असर पारी दोहोरो जिम्मेवारी दिन सकिने व्यवस्था भने कानुनले कहींकतै गरेको छैन ।

नेपालको संविधानको धारा १५३ अनुसार न्यायाधीशको नियुक्ति र सरुवा गर्ने जिम्मेवार निकाय न्यायपरिषद् हो । आशा गरौं छिट्टै नै न्याय जस्तो अपरिहार्य विषयमा न्याय परिषद् संवेदनशील हुनेछ ।

कतिपयलाई लाग्न सक्छ, थोरै मुद्दा भएको जिल्ला हरूमा एक जना न्यायाधीश लाई दुई जिल्लाको जिम्मेवारी महिनामा १५-१५ दिन मुद्दा हेर्नु सामान्य हो तर त्यस्तो होइन । आफू थुनामा रहेको वा मुद्दा लडिरहेको जिल्लामा थोरै मुद्दा भएकै कारण थुनुवा र अन्य मुद्दाका पक्षहरूलाई शीघ्र न्यायबाट वञ्चित गराउन पाइँदैन । ढिलो न्याय दिनु न्याय नदिनु सरह हो भनेर त्यसै भनिएको होइन ।

जनतालाई न्यायालय सम्म पुऱ्याउनु मात्रै न्यायमा पहुँचको उद्देश्य नभई न्यायालयसम्म आएका सेवाग्राही र मुद्दाका समग्र पक्षहरूलाई शीघ्र न्याय दिलाउनु पनि हो भन्ने कुरा हामी सबैले बुझ्नुपर्दछ । अन्यायको विरुद्ध न्यायको आशा र अभिलाषा सहित न्यायालय प्रवेश गरेका जाहेरवाला वा पीडितलाई शीघ्र न्याय दिन वा राज्यले मुद्दाको सिलसिलामा पक्राउ गरी थुनामा राखेकाहरूको मुद्दा समयमै फैसला गरी त्यसको किनारा गर्न सकिएन भने न्यायमा पहुँच अभिवृद्धि गर्न गाउँ-गाउँमा अभियान चलाउनुको अर्थ छैन । यसरी शीघ्र न्याय प्रदान गर्न सकिए मात्रै एकातिर न्यायमा पहुँच अभिवृद्धि हुने र न्यायालयको जनआस्था पनि अभिवृद्धि हुने कुरामा कुनै दुईमत हुनेछैन ।

अनलाइन खबरबाट

# प्रतिवन्धित लागु औषध ब्राउनसुगर सहित पाँच पक्राउ

विराटनगर । झापाको तीन बिभिन्न स्थानहरुबाट मंगलवार प्रतिबन्धित लागुऔषध ब्राउनसुगर सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

लागुऔषध ब्राउनसगुरको ओसार पसार तथा बेचबिखन भईरहेको भन्ने बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय अनारमनी बाट खटिएको प्रहरी टोलीले दशरथचन्द नगरपालिका-८ त्रिपुरा सुन्दरी बैतडीका २५ बर्षीय रोशन थापालाई बिर्तामोड नगरपालिका-३ बाट लागुऔषध ब्राउनसगुर ३९ ग्राम १० मिलिग्राम, मोवाइल १ थान र नगद १,१०० रुपैयाँ सहित पक्राउ गरेको थियो ।

त्यसैगरी लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले मेचीनगर नगर पालिका-६ बाट कमल गाउपालिका ५ का २० बर्षीय मनिस मगरलाई १ ग्राम ५ सय मिलिग्राम ब्राउनसुगर सहित पक्राउ गरेको छ भने ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले दमक नगरपालिका-९ बाट स्थानीय २४ बर्षीय सुजन दाहाल र २६ बर्षीय भिष्म कडेललाई लागुऔषध ब्राउनसगुर ८ ग्राम, नगद २ हजार र मोवायल ३ थान सहित पक्राउ गरेको थियो ।

झापाको मेचीनगर नगरपालिका-६ बाट प्रतिबन्धित लागुऔषध ब्राउनसुगर सहित १ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

लागुऔषध ब्राउनसुगरको ओसार पसार भईरहेको भन्ने बिषेश सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय काकडभिट्टा र लागुऔषध नियन्त्रण ब्युरो काकडभिट्टा बाट आईतवार खटिएको प्रहरी टोलीले धादिङ खनियाबास गाउँपालिका -५ घर भई काठमाण्डौ तार्केश्वर मनमैजु बस्ने २० बर्षीय बिनोद तामाङलाई मेचीनगर नगरपालिका-६ झापाबाट ४२ ग्राम ५४० मिलिग्राम लागुऔषध ब्राउनसुगर सहित पक्राउ गरेको थियो ।

लागुऔषध सहित पक्राउ परेका उनीहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।


डिभिजन वन कार्यालय, मोरङको
अत्यन्तै जरूरी सूचना

यस वर्षाको सुख्खा मौसमको सुरुवात भइसकेको छ । वनलाई डढेलोबाट जोगाउन सम्बन्धित सबै सरोकारवाला, सर्वसाधारणमा निम्नानुसारका सावधानी अपनाउनु हुन अनुरोध छ ।

१) कृपया सलाई, लाइटर जस्ता आगो उत्पन्न गर्ने वस्तुहरु वन क्षेत्रमा जथाभावी प्रयोग नगरौं ।
२) वन क्षेत्र नजिक आगो नबालौं, आगो बालेको भए निभाएर मात्र छाडौं ।
३) वनमा डढेलो लागेको थाहा पाउनासाथ नजिकका वन कार्यालय, प्रहरी, स्थानीय तह तथा वन उपभोक्ता समूहहलाई सूचना दिऔं ।
४) डढेलो लागेको थाहा पाएमा आवश्यक सहयोग जुटाई नियन्त्रण गरौं ।
५) वन डढेलो लगाउने व्यक्तिहरुलाई पहिचन गरी कानुनी दण्ड सजाय गराउने कार्यमा सहयोग गरौं ।

डिभिजन वन कार्यालय, मोरङ
सम्पर्क : ९८५२०२६६१४, ९८५२०८१११०



तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७ ९८१३२५४४७५

1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...

नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।



नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गाउँवासीहरूको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

संजिब न्यौपाने, प्र.प्रशासकिय अधिकृत
अमृता कुमारी गच्छदार, उपाध्यक्ष
जित नारायण थापा मगर, अध्यक्ष

बुढीगंगा गाउँपालिका, गाउँपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश



नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गाउँवासीहरूको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

दिल बहादुर खड्का, प्र.प्रशासकिय अधिकृत
अनिता कुमार साह, उपाध्यक्ष
आद्य नारायण चौधरी, अध्यक्ष

गढी गाउँपालिका, गाउँपालिकाको कार्यालय सुनसरी, कोशी प्रदेश